नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी , भक्तपुर

## निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र वितरण सम्बन्धी सूचना

शिक्षक सेवा आयोगबाट २०७९।०५।२९ गते प्रकाशित विज्ञापन नम्बर ३८।०७९ निम्न माध्यमिक तह अध्यापन अनुमतिपत्रको नतिजामा सफल भएका उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र परीक्षा केन्द्र कायम भई परीक्षा सञ्चालन भएको जिल्लाको शिक्षा विकाश तथा समन्वय इकाइमा पठाई सकिएको छ । सफल उम्मेदवारहरुले निम्नानुसारको कागजात लिई सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा सम्पर्क राखी अध्यापन अनुमतिपत्र लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अध्यापन अनुमतिपत्र वितरण कार्य सुरु भएको एकवर्षभित्र सम्बन्धित जिल्लाबाट लिईसक्नुपर्ने समेत जानकारी गराइन्छ ।

<u>अध्यापन अनुमतिपत्र प्राप्त गर्नको लागि पेश गर्नु पर्ने आवश्यक कागजातहरु :</u>

क. माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) देखि माध्यमिक शिक्षा उतिर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

ख. शिक्षा विषयमा कम्तिमा १० महिना तालिम गरेको प्रमाणपत्रको प्रतिलिपि , (मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा विषय लिई कक्षा १२ उत्तिर्ण, शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण ,स्नातक तह वा स्नातकोत्तर तह उत्तिर्ण गरेको भए उक्त योग्यता नै तालिम सरह हुने ।),

ग. हालसालै खिचेको अटो साइजको दुई प्रति फोटो,

घ. प्रवेश पत्रको प्रतिलिपि,

ङ. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

च. विदेशी शैक्षिक संस्थाबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा समकक्षताको प्रमाणपत्र ।

उप-सचिव